नगर कार्यपालिकाको कार्यालय
कोहलपुर नगरपालिका
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

# कोहलपुर नगरपालिकाको जग्गा खाली गर्ने सम्बन्धी सूचना

(प्रकाशित मिति २०८१ जेठ १)

कोहलपुर नगरपालिका वडा नं १४ स्थित राम माध्यमिक विद्यालय बैजनाथपुरको नाममा रहेको कित्ता नं ७१ र ७७ मा निर्माण भएका संरचना (घर/टहरा) हटाई जग्गा खाली गर्ने सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सुचना..................

कोहलपुर नगरपालिका वडा नं १४ स्थित राम माध्यमिक विद्यालय बैजनाथपुरको नाममा दर्ता श्रेस्ता कायम रहेको पूर्वमा रत्नराजमार्गको नेपालगञ्ज-कोहलपुर सडक खण्ड तथा हवल्दारपुर देखि मदनचोक जोड्ने सडक खण्डको उत्तर दक्षिण तर्फको कित्ता नं ७१, र ७७ नं को जग्गामा बनेका संरचना हटाउन विद्यालय मार्फत पटक पटक जानकारी गराउँदा समेत अटेर गरी बसेको पाइएकोले हाल सोही स्थानमा सङ्घीय शहरी विकास कार्यक्रम अन्तर्गत एकीकृत पुर्वाधार विकास कार्यका लागि आयआर्जन सम्बन्धी पुर्वाधार योजना (मिनि मार्केट) को लागि व्यवसायिक भवन निर्माण कार्यका लागि नियमानुसार बोलपत्र आव्हान भई स्वीकृत समेत भैसकेको हुँदा उक्त क्षेत्रमा निजी व्यवसाय प्रयोजनका निमित्त निर्माण गरिएका संरचना (घर/टहरा) सम्बन्धित व्यक्तिले यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र आफै हटाई जग्गा खाली गरिदिन हुन अन्तिम पटकका लागि यो सार्वजनिक सुचना जारी गरिएको छ । तोकिएको समयावधि भित्र घर टहरा नहटाई जग्गा खाली नगरेमा वा अटेर गरी बसेमा नगरपालिका द्वारा मेसिन लगाई हटाइने छ र सो हटाउँदा लाग्ने खर्च बराबरको रकम सम्बन्धित व्यक्ति बाटै नियमानुसार क्षतिपुर्ति भराइने व्यहोरा आदेशानुसार जानकारी गराईन्छ।

धोलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

धोलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत